नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७९/०८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ११६२

मिति :....२०७९/१०/१८

विषयः बालपोषण भत्ता सम्बन्धी अभिभावक सचेतना कार्यक्रम सञ्चालन मापदण्ड २०७९ (नमुना) पठाइएको सम्बन्धमा।

श्री स्थानीय तह सबै।

प्रस्तुत विषयमा नेपाल सरकारले तोकेका क्षेत्र तथा जिल्ला र देशभरिका दलित समुदायका पाँच वर्षभन्दा मुनिका एक आमावाट जन्मिएका बढीमा दुई सन्तानले सामाजिक सुरक्षा भत्ता अन्तर्गत वालपोषण भत्ता प्राप्त गरिरहेको व्यहोरा विदितै छ। उक्त भत्तालाई बालबालिकाको पोषणका लागि प्रभावकारी रुपले उपयोग गर्न परिवारस्तरमा सचेतना अभिवृद्धिका लागि स्थानीय तहहरुलाई आवश्यक सहजीकरण गर्ने अभिप्रायले यस विभागको मिति २०७९/१०/९ को निर्णयानुसार बालपोषण भत्ता सम्वन्धी अभिभावक सचेतना कार्यक्रम सञ्चालन मापदण्ड २०७९ (नमुना) स्वीकृत भएको छ। उल्लिखित नमुना मापदण्ड आवश्यक कार्यान्वयनका लागि यसै साथ संलग्न गरी तहाँ पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ

२०७९/१०/१८
(मेघ राज शंकर)
शाखा अधिकृत

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np

# बालपोषण भत्ता सम्बन्धी अभिभावक सचेतना कार्यक्रम सञ्चालन

# मापदण्ड २०७९ (नमूना)

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाण्डौं

## .................... गाउँपालिका/नगरपालिका

## बालपोषण भत्ता सम्बन्धी अभिभावक सचेतना कार्यक्रम सञ्चालन मापदण्ड, २०७९

**प्रस्तावनाः**

नेपाल सरकारले तोकेका क्षेत्र र बर्गका बालबालिकालाई प्रदानगरिदै आएको बालपोषण भत्ताको प्रभावकारितालाई मध्यनजर गरि उनीहरुको उचित हेरचाह, स्याहार र लगानीमा सहयोग पुर्याउनको लागि अभिभावकहरुको सचेतना अभिबृद्धि गर्न आवश्यक मापदण्ड बनाइ लागू गर्न वाञ्छनीय भएकोले,

...................गाउँपालिका/नगरपालिकाले बालपोषण भत्ता सम्बन्धी अभिभावक सचेतना कार्यक्रम सञ्चालन मापदण्ड, २०७९........................................................ स्वीकृत गरि लागू गरिएकोछ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो मापदण्डको नाम बालपोषण भत्ता सम्बन्धी अभिभावक सचेतना कार्यक्रम सञ्चालन मापदण्ड, २०७९ रहेकोछ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) "सहभागी" भन्नाले बालपोषण भत्ता सम्बन्धी अभिभावक सचेतना कार्यक्रममा सहभागी हुने बालपोषण भत्ता प्राप्त गरिरहेका पाँचबर्ष ननाघेका बालबालिकाका अभिभावक जस्तै बाबुआमा, हजुरबुबा हजुरआमा, दाजुदिदी वा परिवारको सदस्य वा संरक्षकहरुलाई सम्झनुपर्दछ ।

(ख) "सहजकर्ता" भन्नाले बालपोषण भत्ता सम्बन्धी अभिभावक सचेतना कार्यक्रम सञ्चालन सम्बन्धी तालिम प्राप्त व्यक्तिलाई सम्झनु पर्दछ ।

(ग) "अनुगमन तथा मूल्याङ्कन समिति" भन्नाले बालपोषण भत्ता सम्बन्धी अभिभावक सचेतना कार्यक्रमको प्रभावकारितालाई आवश्यकता अनुसार अनुगमन, सल्लाह सुझाव दिन गठन भएको समितिलाई सम्झनुपर्दछ ।

(घ) "अभिभावक सचेतना कार्यक्रम" भन्नाले बालपोषण भत्ता सम्बन्धी अभिभावक सचेतना कार्यक्रम अन्तर्गत सञ्चालन हुने विभिन्न सत्रहरुलाई बुझ्नुपर्दछ। यस अन्तर्गत बालबालिका र

अभिभावकबीचको अन्तरक्रिया, सामाजिक सुरक्षा भत्ता सम्बन्धी जानकारी, पारिवारिक बजेट व्यवस्थापन, मातृ तथा बालपोषण तथा सरसफाई सम्बन्धी जानकारीमूलक सत्रहरु पर्दछन् ।

## परिच्छेद-२

## बालपोषण भत्ता सम्बन्धी अभिभावक सचेतना कार्यक्रमको उद्देश्य, अपेक्षित उपलब्धि तथा समग्र कार्यान्वयन प्रक्रिया

### ३. उद्देश्य

(क) नेपाल सरकारले तोकेका बर्ग र क्षेत्रका पाँचबर्ष उमेर ननाघेका बालबालिकालाई प्रदान गरिँदै आएको बालपोषण भत्तालाई प्रभावकारी रुपमा बालबालिकामा लगानी गर्नका लागि आभिभावकहरुलाई सचेतना कार्यक्रममा सहभागी गराउने ।

(ख) गाउँपालिका/नगरपालिका अन्तर्गतका सबै वडाका विशेषगरी ५ बर्ष ननाघेका बालबालिकाका अभिभावकहरुलाई बालबालिकाको उचित हेरचाह र स्याहार सुसार गर्ने सम्बन्धमा ज्ञान, सीप र दक्षता अभिबृद्धि गराउने।

(ग) नेपाल सरकारले प्रदान गर्ने सामाजिक सुरक्षा भत्ता, त्यसका लागि आवश्यक पर्ने कागजात र दर्ता प्रक्रियाको बारेमा जानकारी प्रदान गराउने।

(घ) बालबालिकाको पोषण सुधार तथा मातृ स्वास्थ्य सुधार सम्बन्धी ज्ञान, सीप र क्षमता अभिबृद्धि गराउने।

(ङ) पारिवारिक आम्दानी र खर्च व्यवस्थापनको बारेमा ज्ञान, सीप अभिबृद्धि गराउने।

(च) नेपाल सरकारको बिभिन्न निकायबाट उपलब्ध गराउने बालपोषण सहयोगको उपयोगलाई समेत समाहित गरी सचेतना तथा क्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन गराउने।

### ४. अभिभावक सचेतना कार्यक्रम सहजकर्ता छनौट र योग्यता

बालपोषण तथा स्याहार सम्बन्धी अभिभावक सचेतना कार्यक्रम सहजीकरणको लागि आवश्यक देहाय बमोजिमका सहजकर्ताहरुको छनौट गरिनेछ ।

(क) अभिभावक सचेतना सम्बन्धी तोकिएको तालिममा सहभागी भई प्रमाण-पत्र प्राप्त व्यक्ति।

(ख) स्थानीय र सहजीकरण गर्न सक्ने व्यक्ति ।

(ग) कम्तीमा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको ।

(घ) अभिभावक सचेतना कार्यक्रम अन्तर्गत सत्रहरु सञ्चालनका लागि समय दिन सक्ने र सम्बन्धित वडाको व्यक्ति ।

उपरोक्त बमोजिमको योग्यता भएको व्यक्तिलाई वडा कार्यालयको सिफारिसमा अभिभावक सचेतना कार्यक्रम सञ्चालन तथा अनुगमन समितिले छनौट गर्नेछ । त्यसरी छनौट गर्दा सकेसम्म महिलालाई प्राथमिकता दिनुपर्नेछ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

**५. आर्थिक व्यवस्थापन**

अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्दा आवश्यक पर्ने बजेटको व्यवस्थापन गाउँपालिका/नगरपालिकाको आफ्नै श्रोतमा वा विभिन्न संघ संस्थाहरुको सहयोगमा सञ्चालन गर्न सकिने वा गाउँपालिका/नगरपालिका र संघसंस्थाको लागत साझेदारीमा सञ्चालन गर्न सकिनेछ । गाउँपालिका तथा नगरपालिका अन्तर्गतको महिला तथा बालबालिका शाखाको प्रमुख वा गाउँपालिका/नगरपालिकाले तोकेको शाखाको प्रमुख यस कार्यक्रमको सम्पर्कव्यक्तिको रुपमा रहनेछ ।

**६. अभिभावक सचेतना कार्यक्रम सञ्चालन प्रक्रिया**

(क) गाउँपालिका तथा नगरपालिकाद्वारा आफै तथा अन्य संघ-संस्थाको सहयोगमा वडास्तरमा स्थानीय सहजकर्ता निर्माण गरिनेछ ।

(ख) तालिम प्राप्त सहजकर्ताद्वारा समुदायस्तरमा समूह बनाई सत्रहरु सञ्चालन गर्ने र समूह बनाउँदा १२ जनाभन्दा नबढ्ने गरी बनाईनेछ ।

(ग) समुदायमा बालपोषण तथा स्याहार सम्बन्धी तयार पारिएको सहजीकरण मापदण्ड अनुसार सत्र सञ्चालन गरिनेछ । त्यस बाहेक आवश्यक परेको खण्डमा विभिन्न विषय बस्तुको बारेमा सत्रहरु सञ्चालन गर्न सकिनेछ ।

(घ) अभिभावक सचेतना कार्यक्रम अन्तर्गतका सत्रहरुको समय न्युनतम दुई घण्टाको हुनेछ र दिनमा एउटा समूहमा एउटा सत्र मात्र सञ्चालन गरिनेछ र केहि दिनको फरकमा अर्को सत्र सञ्चालन गरिनेछ।

(ङ) अभिभावक सचेतना कार्यक्रमको सम्पूर्ण सत्रहरुमा सहभागी हुने सहभागीलाई नमूना अभिभावकको रुपमा प्रमाण-पत्र प्रदान गरिनेछ ।

(च) एउटा समूहको सहजीकरणको लागि दुईजना सहजकर्ता परिचालन गरिनेछ ।

(छ) अभिभावक सचेतना कार्यक्रम अन्तर्गतका सत्रहरु सञ्चालन पश्चात् सहभागीहरुको घरभेट गर्ने, अभिभावकहरुले सत्रमा सिकेका कुराहरुलाई व्यवहारमा लागू गर्न केहि कठिनाई भएमा सोको बारेमा सहजकर्ताले सहजीकरण गरिनेछ।

**७. समूह गठन तथा परिचालन**

(क) समुदाय स्तरमा १२ जनाभन्दा नबढ्ने गरी सहजकर्ताहरुले समूह गठन गर्नुपर्नेछ ।

(ख) अभिभावक सचेतना कार्यक्रम अन्तर्गतका सत्रहरु हप्ताको १ दिन कम्तीमा २ घण्टाको हुनेछ ।

(ग) अभिभावक सचेतना कार्यक्रममा सहभागी भएका सहभागीहरुलाई प्रोत्साहन स्वरुप सम्पूर्ण कक्षामा सहभागी भएपश्चात् एउटा कार्यक्रमको आयोजना गरि प्रमाण-पत्र प्रदान गरिनेछ ।

(घ) सहजकर्ताहरुले सहभागीमा आएका परिवर्तनहरुको सफलताका कथाहरु बनाउनु पर्नेछ र गाउँपालिका/नगरपालिकामा पेश गर्नुपर्नेछ ।

**८. लक्षित समूह**

अभिभावक सचेतना कार्यक्रमको लक्षित समूह नेपाल सरकारबाट प्रदान गरिने बालपोषण भत्ता प्राप्त गरिरहेका ५ बर्ष ननाघेका बालबालिकाका मुख्य स्याहारकर्ताहरु हुनेछन् भने आवश्यकता अनुसार परिवारका अन्य सदस्यहरुलाई पनि यसमा सहभागी गराउन सकिनेछ ।

**९. सहजकर्ता तथा लक्षित समूहलाई प्रोत्साहन तथा खाजा खर्च प्रदान**

अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने तालिम प्राप्त सहजकर्तालाई सत्रहरु सहजीकरण तथा घरभेट वापत प्रोत्साहन खर्च र लक्षित समूहलाई खाजा खर्च गाउँपालिका/नगरपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

**१०. सहजकर्ता निर्माण तथा परिचालन प्रक्रिया :**

(क) प्रत्येक वडाले दफा ४ बमोजिमको योग्यता भएका व्यक्तिहरुलाई सहजकर्ता तालिमको लागि छनौट तथा सिफारिस गर्ने ।

(ख) छनौट भएका सहभागीहरुलाई गाउँपालिका/नगरपालिका स्वयंले श्रोत व्यक्ति परिचालन गरि वा अन्य संघसंस्थाको सहयोगमा तालिम प्रदान गर्न सकिनेछ ।

(ग) तालिमप्राप्त सहजकर्तालाई समुदायस्तरमा अभिभावक सचेतना कार्यक्रम सञ्चालनका लागि परिचालन गरिनेछ ।

**११. अनुगमन तथा मूल्याङ्कन**

अभिभावक सचेतना कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनको लागि सम्बन्धित गाउँपालिका तथा नगरपालिका स्तरीय ७ सदस्यीय देहाय बमोजिमको अनुगमन तथा मूल्याङ्कन समितिको निर्माण गरिने छ ।

(क) गाउँपालिका/नगरपालिका उपप्रमुख— संयोजक

(ख) गाउँपालिका/नगरपालिका प्रमुख प्रशासकीय अधिकृत— सदस्य

(ग) गाउँपालिका/नगरपालिका स्वास्थ्य शाखा प्रमुख— सदस्य

(घ) गाउँपालिका/नगरपालिका स्तरीय बालसमूह सञ्जाल अध्यक्ष— सदस्य

(ङ) गाउँपालिका/नगरपालिका प्रमुखले तोकेको कार्यपालिका सदस्य महिला र दलित बाट १-१ जना गरि २ जना - सदस्य

(च) गाउँपालिका/नगरपालिका महिला तथा बालबालिका शाखा प्रमुख— सदस्य सचिव

यसका साथसाथै अभिभावक सचेतना कार्यक्रमको अनुगमन आवश्यकता अनुसार राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण बिभाग मार्फत् पनि गरिनेछ ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

## १२. अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार

अभिभावक सचेतना कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्न बनेको अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

(क) पालिकाभित्र सञ्चालन भइरहेको अभिभावक सचेतना कार्यक्रमको स्थलगत अवलोकन गर्ने ।

(ख) अनुगमन पश्चात् देखिएका सवालहरुको बारेमा गाउँपालिका तथा नगरपालिकालाई जानकारी गराउने र समाधानका लागि पहलगर्ने ।

(ग) अभिभावक सचेतना कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्नका लागि कार्यक्रममा सहभागी अभिभावकहरुसँग अन्तरक्रिया गर्ने र सोबारे गाउँपालिका तथा नगरपालिकालाई जानकारी गराउने

(घ) सहजकर्ताहरुसँग अन्तरक्रिया गर्ने र आवश्यक सल्लाह, सुझाव तथा सहयोग प्रदान गर्ने ।

## १३. अभिलेखीकरण तथा प्रतिवेदन

(क) सहजकर्ताहरुले प्रत्येकसत्रका सहभागीहरुको हाजिरी अनिवार्य रुपमा राख्नुपर्नेछ ।

(ख) प्रत्येक महिनाको अन्तमा महिनाभरी सञ्चालन गरेका सत्रहरु र घरभेटको विस्तृत प्रतिवेदन गाउँपालिका/नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(ग) गाउँपालिका/नगरपालिकाका सम्बन्धित वडा कार्यालयबाट प्रमाणीत भएर आएका प्रतिवेदनहरु महिला तथा बालबालिका शाखामा अभिलेखीकरण गर्नुपर्नेछ ।

(घ) गाउँपालिका/नगरपालिकाले अभिभावक सचेतना कार्यक्रमको संक्षिप्त प्रतिवेदन राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण बिभागमा बार्षिक रुपमा पठाउनु पर्नेछ ।

## १४. अभिभावक सचेतना कार्यक्रमका अपेक्षित उपलब्धिहरु

(क) अभिभावकहरुले बालबालिकालाई गर्ने व्यवहारमा सकारात्मक परिवर्तन आएको हुनेछ ।

(ख) बालबालिका र अभिभावकबीचको को सम्बन्धमा सुमधुरता कायम भएको हुनेछ ।

(ग) अभिभावकले आफ्ना बालबालिकालाई बढी भन्दाबढी समय दिएका हुनेछन्।

(घ) अभिभावकहरुले आफ्ना बालबालिकाको बृद्धि तथा विकासमा पोषणको महत्वबारे जानकारी प्राप्त गरि सो अनुसार अभ्यास गरेका हुनेछन् ।

(ङ) अभिभावकहरुले प्राप्त बालपोषण भत्तालाई बालबालिकाहरुको पोषणमा उपयोग गरेका हुनेछन्।

(च) बालबालिकाहरुको पोषण अवस्थामा सुधार आएको हुनेछ ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

**१५. सत्र सञ्चालन प्रमाणीत गर्ने**

गाउँपालिका तथा नगरपालिकाका विभिन्न वडाहरुमा निर्माण गरिएका अभिभावक समूहहरुको विवरण र सत्रहरु सञ्चालन गरेको विस्तृत विवरण सम्बन्धित वडा कार्यालयमा पेश गर्नुपर्नेछ र सम्बन्धित वडा कार्यालयबाट **प्रमाणीत** भईसकेपछि मात्र सोको आधारमा सहजकर्तालाई प्रोत्साहन रकम तथा सहभागी खाजा खर्च वापतको रकम उपलब्ध गराईनेछ ।

परिच्छेद-३

**विविध**

**१६. बाधा अड्काउ फुकाउने अधिकारः** यो मापदण्ड कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा विभागले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

अनुसूची-१

अभिभावक सचेतना कार्यक्रम सञ्चालनका लागि सहजकर्ता तथा गाउँपालिका/नगरपालिकाबीच
सम्झौता-पत्र

मितिः ......................

.........................................गाउँपालिका/नगरपालिकाका अन्तर्गतका सम्पूर्ण वडामा अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने योजना अनुरुप वडामा ५ बर्ष ननाघेका बालबालिकाहरुका अभिभावकहरुको समूह निर्माण गरि अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्नका लागि तपाई सहजकर्ता श्री ............................र गाउँपालिका/नगरपालिकाबीच निम्न शर्तहरु पालना गर्ने गरि यो सम्झौता गरिएकोछः

**सहजकर्ताले पालना गर्नुपर्ने शर्तहरु**

१. अनिवार्य रुपमा अभिभावक सचेतना कार्यक्रम सञ्चालन सम्बन्धी तालिम लिएको हुनुपर्ने ।
२. वडागत रुपमा अभिभावक सचेतना कार्यक्रमका लागि समूह निर्माण गरि सहजीकरण गनुपर्ने ।
३. कार्यक्रम पश्चात् सहभागीहरुमा आएको परिवर्तन तथा सहभागीले गरेका अभ्यासहरुको अवलोकन गर्नका लागि सहभागीको घरभेट गर्नुपर्ने ।
४. कार्यक्रम सञ्चालनको दौरान अभिभावकले प्रस्तुत गरेका राम्रा अभ्यासहरु तथा चुनौतीहरुको टिपोट गरि प्रतिवेदन तयार गर्ने र गाउँपालिका/नगरपालिकामा पेशगर्ने ।
५. अभिभावक सचेतना कार्यक्रम अन्तर्गतका विभिन्न सत्रहरुको समय न्युनतम २ घण्टाको हुनेछ र सहभागीको पायकपर्ने स्थानमा सञ्चालन गर्नुपर्ने ।
६. बालबालिकासँगको सम्बन्ध र सञ्चार प्रक्रियामा आफूलाई नमूनाको रुपमा प्रस्तुत गर्न सक्नुपर्ने ।
७. हप्तामा एउटा सत्र तथा बढीमा दुईदिन घरभेट गर्नुपर्नेछ ।

**गाउँपालिका/नगरपालिकाले पालना गर्नुपर्ने शर्तहरु**

१. सहजकर्ताले सञ्चालन गरेका सत्रहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने ।
२. सहजकर्तालाई सत्र सञ्चालनको दिन तथा घरभेट गरेको दिनको वडाले हाजिरी प्रमाणीत भए पश्चात् प्रतिसत्र तथा घरभेट बापत गाउँपालिका/नगरपालिकाले निर्णय गरेबमोजिमको रकम प्रदानगर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

अनुसूची-२

.........................................गाउँपालिका/नगरपालिका

वडा नं. ......

सत्रगत प्रतिवेदन ढाँचा

अभिभावक सचेतना कार्यक्रम सम्बन्धी प्रतिवेदन

१. सहजकर्ताको नाम.................................... :

२. स्थान................. :

३. मिति ......................... :

४. सत्रको नाम : .........................

५. सहभागीहरूको उपस्थिति : .........................

| क.स. | नाम, थर | उमेर | लिङ्ग | बालबालिकाको संख्या (१८ बर्ष भन्दा मुनिका बालबालिका मात्र लेख्ने ) | | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| | | | | बालक संख्या | बालिका संख्या | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

६. पाठ योजना

| क.स. | मुख्य विषयबस्तु | विधि | सामग्री सहजकर्ता | समय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

७. सत्र सञ्चालनबाट प्राप्त उपलब्धिहरु

८. सहभागीमा आएका परिवर्तनहरु र उदाहरणहरु (नाम सहित उल्लेख गरेर लेख्ने )

९. सत्र सञ्चालनमा आएका चुनौतीहरु र समाधानका उपायहरु

१०. सिकाईहरु

११. गृहकार्य

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

अनुसूची-३

..................................गाउँपालिका/नगरपालिका

वडा नं..................

अभिभावक सचेतना कार्यक्रम मासिक प्रतिवेदन फाराम

सहजकर्ताहरुको नामः

१,

२,

पृष्ठभूमिः

कार्यक्रमको उद्देश्यहरुः

सत्रहरुको विवरण

| क्र.सं. | सत्रहरुको विवरण | सत्र सञ्चालन मिति | जम्मा सहभागी | अन्य सहभागी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

कार्यक्रम सञ्चालन गर्न अपनाईएका विधिहरु

कार्यक्रम सञ्चालन गर्दा हाँसिल गरिएका उपलब्धिहरु

सहभागीमा आएका परिवर्तनहरु र उदाहरणहरु (नाम सहित उल्लेख गरेर लेख्ने )

कार्यक्रम सञ्चालन गर्दा आएका चुनौतीहरु र समाधानका उपायहरु

सिकाईहरु

अनुसूची-४

अनुगमन प्रतिवेदन ढाँचा

............................गाउँपालिका/नगरपालिका

अभिभावक सचेतना कार्यक्रम फिल्ड अनुगमन प्रतिवेदन

१. भ्रमणको उद्देश्य :

२. भ्रमणको अवधि :

३. भ्रमण गरिएको स्थानः

४. भ्रमणकर्ताको विवरण

| फिल्ड भ्रमण गरिएको मिति | भ्रमणको दौरानमा भेटिएका मुख्य व्यक्तिहरु | भ्रमणको दौरानमा गरिएका क्रियाकलाप | भ्रमणको उपलब्धिहरु |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

भ्रमणको दौरान देखिएका मुख्य सवालहरु

भ्रमणदलको सुझावहरु

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं